**सुनवल सामुदायिक बिकास केन्द्र**
**सुनवल, नवलपरासी**
**२४ औँ वाार्षिक साधारण सभा**
**अध्यक्षको मन्तव्य सहितको प्रतिवेदन**
**आ.ब. २०८०/८१**

धन्यबाद,

यस सुनवल सामुदायिक विकास केन्द्रका सचिव एवं कार्यक्रम सञ्चालकज्यू

सुनवल सामुदायिक बिकास केन्द्रको सम्मानित २४ औँ बार्षिक साधारण सभाको यस भव्य समारोहमा हाम्रो निमन्त्रणालाई स्विकार गरी प्रमुख अतिथिका रुपमा पाल्नुहुने संविधान सभासदस्य माननिय बिक्रम खनालज्यू,

आफ्नो व्यस्ततालाई प्रवाह नगरी यस संस्थाको कार्यक्रमलाई सफल बनाउनका लागि प्रमुख अतिथिको रुपमा उपस्थिती भईदिनुभएकोमा मेरो व्यक्तिगत तथा सुनवल सामुदायिक विकास केन्द्रको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै स्वागत गर्न चाहन्छु,

साथै हाम्रो यस सादर निमन्त्रणालाई स्विकार गरि कार्यक्रममा उपस्थित हुनु भएका मञ्चाशीन विशिष्ट अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, संस्थापक अध्यक्षज्यू, संरक्षकज्यू, पूर्व अध्यक्षज्यूहरु,

सुनवल सामुदायिक बिकास केन्द्रको मुख्य साझेदार युनाईटेड मिसन टु नेपालको नवलपरासी क्लस्टर टिम लिडर सबु तामाङज्यू एवं यु.एम.एन थापाथली र नवलपरासी क्लस्टर परिवारलाई सम्झदै यस कार्यक्रममा यु.एम.एन नवलपरासी क्लष्टरबाट पाल्नुहुने परियोजना व्यवस्थापक कविता गुरुङज्यूलाई आभार व्यक्त गर्दछु,

विभिन्न समूहका पदाधिकारीज्यूहरु, समाजसेवीज्यूहरु, पत्रकारज्यूहरु, कार्य समितिका सहकर्मी साथीहरु, खरिद उपसमिति, लेखा उपसमिति तथा

अनुगमन उपसमितिका संयोजक एवं सदस्यज्यूहरु, संस्थाका कर्मचारीहरु तथा अन्य उपस्थित महानुभावहरु सबैमा यस संस्थाको २४औं वार्षिक साधारण सभामा यहाँहरुको गरिमामय उपस्थितीका लागि हार्दिक आभार व्यक्त गर्दै स्वागत गर्न चाहन्छु ।

यस संस्थालाई स्थापनाकालदेखि बिभिन्न आरोहअवरोह पार गर्दै, यो संस्थालाई यहाँसम्म ल्याई पुऱ्याउनुहुने संस्थापक अध्यक्षज्यू, पूर्वअध्यक्षज्यूहरु, सल्लाहकार सदस्यज्यूहरु, पूर्व कार्य समितिका सबै पदाधिकारी तथा सदस्यहरुलाई स्मरण गर्दै सम्मान व्यक्त गर्न चाहन्छु ।

घरेलु हिंसा न्यूनिकरण, शान्ति निर्माण, लैंगिक समानाता, महिला सशक्तिकरण, समावेशी विकास, स्वास्थ्य सवलीकरण, अपांगता समावेशि विकास लगाएत क्षेत्रमा सेवारत यस संस्थाको २४औं साधारण सभामा यसरी अध्यक्षको रुपमा मन्तव्य दिईरहदा मलाई गत १० औं अधिवेशनबाट सर्वसम्मतरुपमा पुनः अध्यक्षको रुपमा जिम्मेवारी प्रदान गर्नुहुने सम्पुर्ण संस्थाका सदस्यहरुलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

संस्था २३औं बसन्त पार गरि २४औं बसन्तमा यात्रा गरिरहदाँ हाम्रा सम्पुर्ण स्वयंसेवकहरु, कर्मचारीहरु, उप-समितिहरु, कार्य समितिका सहकर्मीहरु, पूर्व अध्यक्षज्यूहरु, संस्थाका सल्लाहकारज्यूहरु, संस्थापक अध्यक्षज्यू, संस्थाका संरक्षकज्यू एवं सम्पुर्ण शुभचिन्तकहरुमा संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट न्यानो अभिवादन् व्यक्त गर्न चाहन्छु ।

**आदरणिय यस सम्मानित २४औं साधारण सभामा उपस्थित सम्पुर्ण अतिथिज्यूहरु**

गैर नाफामुलक, गैर सरकारी, गैर राजनैतिक, परोपकारी, विशुद्ध सामाजिक संस्थाको रुपमा बिक्रम सम्बत् २०५५ सालमा स्थापित यस संस्था संस्था दर्ता ऐन २०३४ र संस्था दर्ता नियामावली २०३४ को अधिनमा रहि बिक्रम सम्बत् २०५७ साल माघ २५ गते जिल्ला प्रशासन कार्यालय,

नवलपरासी ( हाल नवलपरासी बर्दघाट सुस्ता पश्चिम)मा ६८१ अंकमा संस्था दर्ता भएको छ ।

आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नंम्बर लिई आर्थिक गतिबिधि गरिएको साथै समाज कल्याण परिसद्मा समेत आबद्धता गराई नियानुसार नियमित नविकरण गर्ने गरिएको छ ।

**“समुन्नत समाजको श्रृजना गर्ने”** संस्थाको परिकल्पनालाई साकार पार्न संस्थाको लक्षित समुदाय, साझेदार संस्था, स्थानिय सरकार र सरोकारवाला संघसंस्थाहरुमा आबद्धता र सम्बन्ध विस्तार गर्दै लैङ्गिक समानता, सशक्तिकरण,  समावेशिकरण, सुशासन, सहकारी स्थापना र व्यवस्थापन, समुह गठन तथा परिचालन, सामुदायिक विकास लगायतका माध्यमबाट लक्षित समुदायलाई सहभागी गराई सुनवल सामुदायिक विकास केन्द्रले कार्यक्रम सञ्चालन गर्दै आएको छ।

**आदरणिय सदस्यज्यूहरु,**

संस्थाले अपाङ्गता सि.वि.आर., बाढि प्रभावितहरुलाई राहत वितरण, आर्सनिक सम्बन्धी सचेतना, मानव बेचबिखन विरुद्ध सचेतना, एच.आई.भि./ एड्स संक्रमित तथा प्रभावित व्यक्तिहरु प्रति हुने लाञ्छना, भेदभाव, पारिवारिक तथा सामाजिक हिंसा एवं भेदभाव विरुद्ध पैरवी, एच. आई. भि संक्रमित तथा प्रभावित व्यक्तिहरुलाई सामाजिक क्रियाकलापमा सहभागीता, अपाङ्गता भएका व्यक्तिहरु तथा उनिहरुको परिवारमा सचेतना तथा समुदायस्तरमा पुर्नस्थापना कार्यक्रम, विभिन्न श्रोत साधन परिचालन, महिला स्वावलम्वन समूह गठन तथा परिचालन गर्दै आएकोछ ।

साथै समुदायमा सुरक्षित मातृत्व, पोषण, सरसफाई, परिवार नियोजन, किशोरकिशोरी मैत्रि स्वास्थ्य सम्बन्धी कार्यहरु एवंम् वातावरण संरक्षण सम्बन्धी कार्य गर्दै आईरहेको छ ।

**आदरणिय उपस्थित सम्पुर्ण महानुभावज्यूहरु,**

विगतका बर्षहरुमा स्थानिय सरकारी निकायहरुको (साविकका सुनवल, स्वाठी, रामनगर, हकुई, बंजरिया, सनई, अमरौट गा.वि.सहरु) समन्वयमा विभिन्न परियोजनाहरु सफलतापुर्वक सम्पन्न भईसकेकोछ ।

युनाईटेड मिसन टु नेपाल, आई.एन.एफ/पि.एफ.आर पोखरा र नयाँ जिवनको लागी हालेमालो बुटवल तथा अपाङ्गता पुर्नस्थापना केन्द्र बनेपाको साझेदारीमा अपाङ्गता पुर्नस्थापना, रेफरल सेवा एवं सचेतना र सशक्तिकरण साथै समुदाय स्वास्थ्य कार्यक्रम सम्पन्न गरिसकेको छ ।

संघिय नेपालको पहिलो बाल मैत्रि स्थानिय शासनयुक्त पालिकाको रुपमा सुनवल नगरपालिका घोषणा भएको कुरा सर्बविदितै छ ।

सुनवल नगरपालिकामा बालमैत्री अभियानको शुरुवात गर्ने काम १३ वटा बालक्लब गठन तथा परिचालन गरि सुनवल सामुदायिक बिकास केन्द्रले सुनवल नगरपालिकालाई हस्तान्तरण गरेको थियो।

त्यसै गरि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय तथा सामाजिक बिकास मन्त्रालयसंग सहकार्यमा सुनवल नगरपालिकाका वडा नं. ३, ४, ८ र १२ मा जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गरि उक्त दिवा सेवा केन्द्रलाई हाल सुनवल नगरपालिकाले आवश्यक बजेट व्यवस्थापन गरि सञ्चालन भईरहेको छ।

साथै युनाईटेड मिसन टु नेपाल, नवलपरासी क्लष्टरको आर्थिक तथा प्राविधिक सहयोगमा पाल्हीनन्दन गाँउापलिकाको सहकार्यका पाल्हीनन्दन गाँउपालिकाको सबै ६ वटै वडामा जिविकोपार्जन सम्बन्धि **कोभिड -१९ बाट प्रभावित नेपाली समुदायको लागि आर्थिक पुनर्जीविन परियोजना** मिति २०७८ श्रावण १५ देखी २०७९ असोज मसान्त सम्मकालागि गरिएको सम्झौता अनुसार परियोजना सम्पन्न भईसकेकोछ।

**आदरणिय उपस्थित सम्पुर्ण अतिथिज्यूहरु,**

आ.ब. २०७९।८० मा सुनवल सामुदायिक विकास केन्द्रको तर्फबाट संस्थाको अध्यक्ष म स्वयं गैर सरकारी संस्था महासघं, नवलपरासी ( ब.सु.प)को अध्यक्षमा निर्वाचित भई विभिन्न कार्यक्रममा सहभागि भईरहेको कुरा अवगत गराउन चाहन्छु ।

साथै पाल्हिनन्दन गाँउपालिका वडा नं. ५ र ६ मा सञ्चालित **लैङ्गिक समानाता परियोजना**को पहिलो ३ बर्षको चरण सम्पन्न भई दोस्रो चरण सञ्चालित भईरहेको व्यहोरा जानकारी गराउदछु।

त्यस्तै गरि आ.व. २०७७/७८ देखि सञ्चालित **घरेलु हिंसा न्यूनिकरणका लागि सामुदायिक मेलमिलाप तथा संवाद परियोजना** पाल्हिनन्दन गाँउपालिका वडा नं. १ देखी ४ सम्म निरन्तर सञ्चालित भईरहेको जानकारी गराउन चाहन्छु।

आर्थिक बर्ष २०७९।८० देखि हाम्रो कार्यक्रमहरु पाल्हिनन्दन गाँउपालिकाको साथसाथै प्रतापपुर गाँउपालिकामा समेत सञ्चालन भएको छ। युनाईटेड मिसन टु नेपाल, नवलपरासी क्लस्टरको आर्थिक एवं प्राविधिक सहयोगमा प्रतापपुर र पाल्हिनन्दन गाँउपालिमा सञ्चालित हुने गरि **अपाङ्गता समावेशी विकास परियोजना** सम्झौता भई निरन्तर सञ्चालनमा रहेकोछ।

हाम्रो संस्थाले अपाङ्गता पुर्नस्थापना केन्द्र बनेपाद्वारा सञ्चालित अपाङ्गता शिविरमा समेत अवश्यक समन्वय गरेको छ । संस्थाको कार्यालयमा हप्ताको प्रत्येक दोस्रो बिहिबार अपाङ्गता परामर्श केन्द्र सञ्चालनमा रहेको छ।

साथै संस्थाको स्थापना दिवसको अवसरमा सुनवल नगरपालिका वडा नं. १ स्थित लुम्बिनि माध्यामिक विद्यालयमा रहेको बौद्धिक अपाङ्गता भएको बालबालिका अध्ययन गर्ने श्रोत कक्षालाई व्यवस्थापन गर्नका लागि रु.

३५,०३५/- लागतमा पि-फर्म सहित कार्पेट लगाएको व्यहोरा जानकारी चाहन्छु।

यस आ.ब. २०८०।८१ मा तिन वटै परियोजनाहरु सञ्चालित **लैङ्गिक समानता परियोजना**को कुल खर्च रु. ५१, ७६, ६३९।- **घरेलु हिंसा न्यूनिकरणका लागि सामुदायिक मेलमिलाप तथा संवाद परियोजना**को कुल खर्च रु. ५२, २४, ८४१/- र **अपाङ्गता समावेशी विकास परियोजना**को कुल खर्च रु. १,५१,३२,४०१ /- रहेकोछ । यस बिचमा भएका महत्वपुर्ण कार्यक्रमहरु परियोजना संयोजकहरु मार्फत समेत यस सभामा प्रस्तुतिकरण गरिनेछ।

**आदरणिय उपस्थित सम्पुर्ण महानुभावहरु,**

सुनवल सामुदायिक विकास केन्द्रको आ.ब. २०८१।०८२ मा निरन्तर सञ्चालन हुने परियोजनाको सञ्चालनका साथसाथै नयाँ परियोजनाका लागि प्रस्तावहरु पेश गर्ने लक्ष्य समेत राखेको छु। संस्था अविच्छिन सञ्चालन हुने गर्दछ। त्यसैले आवश्यकता तथा समय अनुसार नयाँ नीति नियमावली निर्माण तथा विद्यमान नीति नियमावलीहरु संसोधन गर्नुपर्ने हुन्छ। नीति नियमावलीहरुलाई समयानुकुल बनाउन, विभिन्न कार्यशाला, छलफल तथा दातृनिकायको सुझावहरुलाई विश्लेषण गरि सुनवल सामुदायिक विकास केन्द्रको साधारणसभा पुर्व तयारी बैठकबाट निर्णय गरि केहि नयाँ नीति नियमावलीहरु निर्माण, परिमार्जन, तथा खारेजी गरि साधारणसभामा सचिव मार्फत पेश गरिएकोछ ।

यस आ.ब. २०८१।०८२ को नीति तथा कार्यक्रम सचिवको प्रतिवेदन मार्फत पेश गरिएकोछ। संस्थाको नीति तथा कार्यक्रमहरु यस सम्मानित सभामा छलफल गरि पारित गर्नुहुन अनुरोध समेत गर्दछु।

अन्त्यमा, हिजो भाडाको कोठामा सञ्चालन भएको हाम्रो संस्था आज आफ्नै भवनमा सञ्चालन भईरहेको छ जुन हामी सबैका लागि खुशिको कुरा हो । संस्थालाई यो अवस्था सम्म ल्याईपुऱ्याउनुहुने सम्पुर्णलाई कृतज्ञता व्यक्त गर्दछु ।

साथै यो बर्ष सफल बनाउन तथा संस्थालाई बलियो बनाउन प्रत्यक्षरुपमा सहयोग गर्नुहुने सम्पुर्ण कार्यसमिति, उप समिति तथा कर्मचारीहरु तथा अप्रत्यक्षरुपमा सहयोग पुऱ्याउनुहुन संस्थापक अध्यक्षज्यू, संरक्षकज्यू, पुर्वअध्यक्षज्यूहरु, यु.एम.एन परिवार, चन्दादाताहरु, सरकारी तथा गैरसरकारी संघसंसस्था तथा पदाधिकारीज्यूहरुमा हार्दिक धन्यवाद तथा नमन गर्न चाहन्छु ।

संस्थाको चौतर्फी विकासका लागि यहाँको साथ, सहयोग तथा सहकार्य निरन्तर मिल्ने छ भन्ने अपेक्षा राख्नुका साथै आगामी दिनमा पनि सल्लाह, सुझाव र सहयोग अपेक्षा गर्दछु ।

संगसगै, आजको २४औं बार्षिक साधारण सभा सफल बनाउन तयारीमा खट्नुहुने तथा जुट्नुभएका सम्पुर्णमा योगदानको उच्च मुल्याङ्कन गर्दै आभार व्यक्त गर्दछु ।

साथै आउदै गरेको नेपालीहरुको महान पर्व विजया दशमी, शुभ-दिपवाली तथा छठ पर्व लगाएत सम्पुर्ण धर्मावलम्वीहरुको चाडपर्वको उपलक्ष्यमा सम्पुर्णमा हार्दिक मंगलमय शुभकामनाका समेत व्यक्त चाहन्छु।

धन्यवाद
सपना अधिकारी थापा
अध्यक्ष
२०८१ भाद्र ३१ गते